# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड९ )जनकपुरधाम,नेपाल साउन १९ गते, २०८२ साल(संख्या५

भाग २

मधेश प्रदेश सरकार

गृह,सञ्चार तथा कानुन मन्त्रालय

## प्रदेश संस्था दर्ता नियमावली,२०८१

प्रदेश संस्था दर्ता ऐन, २०७९ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ :-

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यी नियमहरुको नाम "प्रदेश संस्था दर्ता नियमावली, २०८१" रहेको छ ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) "ऐन" भन्नाले "प्रदेश संस्था दर्ता ऐन, २०७९" सम्झनुपर्छ ।

(ख) "मन्त्रालय" भन्नाले गृह विषय हर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ग) "संस्था दर्ता अधिकारी" भन्नाले मन्त्रालयको प्रशासन तथा योजना माहाशाखा प्रमुखलाईसम्झनुपर्छ ।

(घ) "संस्था दर्ता गर्ने निकाय " भन्नाले गृह,सञ्चार तथा कानून मन्त्रालय सम्झनु पर्छ।

३. **दर्ताको लागि निवेदन :-** (१) ऐन बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले एकहजार रुपैयाँ दस्तुर सहित अनुसूची -१ बमोजिमको ढाँचामा ऐनको दफा ४ को

उपदफा (१) बमोजिमको विवरण समेत उल्लेख गरी निवेदन दिनुपर्नेछ ।

(२) प्रचलित कानुन बमोजिम दर्ता भई अन्य प्रदेशमा सञ्चानलनमा रहेका संस्थाले ऐनको दफा ३ को उपदफा (४) बमोजिम यस प्रदेशमा दर्ता हुन चाहेमाएकहजार रुपैयाँ दस्तुर सहित अनुसूची -१ बमोजिमको ढाँचामा संस्था दर्ता अधिकारी समक्ष निवेदन दिनुपर्नेछ।

(३) ऐनको दफा ३ को उपदफा (२) बमोजिम संघीय कानुन बमोजिम दर्ता भई यस प्रदेश क्षेत्र भित्र सञ्चालनमा रहेको संघ संस्थाहरुले यसै उपदफामा उल्लेखित कागजात सहित यो नियमावली प्रारम्भ भएको मितिले ६० दिनभित्र संस्था दर्ता गर्ने अधिकारी समक्ष बुझाउनुपर्नेछ ।

४. **संस्था दर्ता र प्रमाण-पत्र :-** (१) नियम ३ बमोजिम संस्था दर्ताको निवेदन प्राप्त भएमा संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी ७ दिनभित्र संस्था दर्ता गर्ने वा नगर्ने निर्णय गर्नुपर्नेछ ।

(२)उपनियम (१) बमोजिम जाँचबुझ गर्दा संस्था दर्ता गर्न उपयुक्त भएमा अनुसूची-२ बमोजिमको दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम संस्था दर्ता गरिसकेपछि अनुसूची -३ बमोजिमको ढाँचामा संस्था दर्ताको प्रमाण-पत्र दिनुपर्नेछ ।

(४) उपनियम (१) बमोजिम संस्था दर्ता गर्ने अधिकारीले संस्था दर्ता नगर्ने निर्णय गरेमा सो उपर निवेदकले मन्त्रालयको सचिव समक्ष उजुरी गर्न सक्नेछ।

५. **संस्थाको वर्गीकरणः**ऐनको दफा ४ को उपदफा (२) बमोजिम संस्थाको कूल सम्पतीको आधारमा मन्त्रालयले वर्गीकरण गर्ने सक्नेछ।

६. **उद्देश्य हेरफेर :–**ऐन बमोजिम दर्ता भएको संस्थाको विधानमा उदेश्य हेरफेर गर्न चाहने व्यक्तिहरुले एकहजार रुपैयाँ दस्तुर सहित ऐनको दफा ६ को उपदफा (३) बमोजिम साधारण सभाबाट पारित प्रस्तावर संशोधित संस्थाको विधान सहित निवेदन दिनुपर्नेछ ।

७. **नवीकरण र दस्तुर :-** (१) ऐनको दफा ५ बमोजिम सम्बन्धित संस्थाले दर्ता अधिकारीसमक्ष पच्चीस सय दस्तुर तिरी संस्था दर्ताको प्रमाण-पत्र नवीकरण गराउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको नवीकरण गर्ने म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई संस्था दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा संस्था दर्ता अधिकारीले उपनियम (१) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई संस्थाको दर्ता नवीकरण गरी दिन सकनेछ ।

(क) उपनियम (१) बमोजिमको म्याद नाघेपछिको पहिलो तीन महिनाको लागि थप रु .५००।- (पाँच सय)

(ख) खण्ड (क) को म्याद नाघेपछि सो आ.व.को आषाढ मसान्तसम्मको लागि एकमुष्ट थप रु.१०००।-(एक हजार)

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र नवीकरण नगराएका

संस्थाहरुले संस्था दर्ताको प्रमाण-पत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई संस्था दर्ता नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षका लागि एकहजार रुपैयाँका दरले दस्तुर लिई संस्था दर्ता अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(४) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिँदा कार्य समितिका पदाधिकारीहरुको नामावलीका साथै संस्था दर्ताको प्रमाणपत्र विधानको एक प्रति विवरण समेत अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

(५) ऐनको दफा ३ को उपदफा (२) बमोजिम संघ संस्थाहरुले ऐन र नियम बमोजिम नवीकरण गर्नुपर्नेछ। पुनः दर्ता हुन आउने भएमा ऐनको दफा ५ बमोजिम नवीकरण समेत गर्नेगरी दर्ताका लागि निवेदन दिनु पर्नेछ।

(६) संस्था दर्ता नवीकरणको ढाँचा अनुसूची ४ बमोजिम हुनेछ ।

८. **दर्ता खारेजी:-**(१) ऐन बमोजिम दर्ता भएको संस्था खारेज गर्न चाहने व्यक्तिहरुले एकहजार रुपैयाँ दस्तुर सहित देहायको विवरण सहित निवेदन दिनुपर्नेछ ।

(क) साधारणसभाबाट परित प्रस्ताव

(ख) संस्थाको कूल सम्पतिको विवरण

९. **संस्था दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार :-** संस्था दर्ता अधिकारीलाई संस्था सम्बन्धमा ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त देहाय बमोजिमका काम, कर्तव्य र अधिकार हुनेछ :

(क) संस्था दर्तासँग सम्बन्धित निवेदन संकलन गर्ने ।

(ख) प्रचलित कानुन बमोजिम दर्ता हुन योग्य छ छैन जाँच गरी सोही बमोजिम निर्णय गर्ने ।

(ग) दर्ता हुन आएका संस्थाको रित नपुगेको भए सो सम्बन्धी कुरा रित पुर्या◌ेउन निवेदकलाई निर्देशन दिने।

(घ) कानुन बमोजिम दर्ता गर्न नमिल्ने संस्थाको दर्ता सम्बन्धी निवेदन दरपीठ गर्ने वा निवेदकलाई के

कुन कारणले दर्ता गर्न नमिल्ने हो सोको जानकारी दिने ।

(ङ) दर्ता भएका संस्थालाई दर्ता प्रमाण -पत्र प्रमाण जारी गर्ने ।

(च) संस्था दर्ता अधिकारी समक्ष दर्ता भएका संस्थाको अनुगमन निरीक्षण गरी प्रचलित कानुन बमोजिम काम कारवाही भए नभएको जाँच गरी आवश्यक निर्देशन दिने ।

(छ) संस्था दर्तासम्बन्धी भैपरी आउने अन्य सम्पूर्ण कार्य गर्ने ।

१०. **अनुगमन तथा मूल्यांकन समिति :-** ऐनको दफा १४ को उपदफा (१) बमोजिमको अनुगमन तथा मूल्यांकन समिति देहाय बमोजिम रहनेछ ।

(क) सचिव, गृह, सञ्चार तथा कानुन मन्त्रालय-संयोजक

(ख) उपसचिव, गृह, सञ्चार तथा कानुन मन्त्रालय-सदस्य

(ग) कानून अधिकृत,गृह, सञ्चार तथा कानुन मन्त्रालय—सदस्य-सचिव

११. **पुरस्कार सिफारिस समितिः**ऐनको दफा १५ को उपदफा (१) बमोजिमको पुरस्कार सिफारिस समिति सम्बन्धी कार्य नियम ७ बमोजिमको अनुगमन तथा मूल्यांकन समितिले गर्नेछ ।

१२. **उजुरी सुन्ने अधिकारी:**संस्था दर्ता सम्बन्धि केही उजुरी भएमा मन्त्रालयको सचिव समक्ष निवेदन दिनुपर्ने।

१३. **अभिलेख र अभिलेखीकरण :-** ऐनको दफा ३ को उपदफा (६) बमोजिम स्थानीय तहमा सूचिकृत हुने संस्थाको अभिलेख स्थानीय तह आफैंले निर्धारण गरे बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

१४. **दस्तुर असुल गर्न सक्ने :-** संस्था दर्ता अधिकारीले ऐनको दफा १० बमोजिम कुनै संस्थाको हिसाब (आय, व्यय) जाँच गर्नु परेमा सो वापत लाग्ने खर्च बराबर हुन आउने दस्तुर सम्बन्धित संस्थाबाट असुल गर्न सक्नेछ ।

अनुसूची -१

नियम ३ सँग सम्बन्धित

**निवेदनपत्रको ढाँचा**

श्री संस्था दर्ता अधिकारी,

................................

महोदय,

हामीले ............... सम्बन्धी संस्था खोल्न चाहेकोले संस्था दर्ता ऐन, २०७९ बमोजिम संस्था दर्ता गर्नका लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित संस्थाको विधानको तीनप्रति यसैसाथ संलग्न गरिएको छ ।

विवरण

१. संस्थाको नाम :-

२. संस्थाको प्रमुख उद्देश्यहरु :-

(क)

(ख)

(ग)

३. संस्थाका सहायक उद्देश्यहरु :-

(क)

(ख)

(ग)

४. प्रबन्ध समितिका सदस्यहरुको

| नाम | ठेगाना | पेशा |
|---|---|---|
| (क) | | |
| (ख) | | |

५. आर्थिक स्रोत :-

६. कार्यालयको ठेगाना :-

मिति :-

भवदीय,

पदाधिकारीहरुको नाम

अनुसूची -२

(नियम ४ सँग सम्बन्धित)

# दर्ता किताबको ढाँचा

## संस्थाको दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवम् सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |

अनुसूची -३

(नियम ४ सँग सम्बन्धित)

## प्रमाण-पत्रको ढाँचा

### संस्था दर्ताको प्रमाण-पत्र

श्री अध्यक्ष/सचिव

........................ ।

......................... (संस्थाको नाम)

प्रदेश संस्था दर्ता ऐन, २०७९ को दफा ५ बमोजिम ........... साल................. महिना .......... गतेमा ......................... उद्देश्यका लागि दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

संस्था दर्ता अधिकारीको सही :-

पूरा नाम :-

दर्जा :-

कार्यालय :-

अनुसूची -४

(नियम ७ सँग सम्बन्धित)

## नवीकरण ढाँचा

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र बहाल रहने अवधि | नवीकरण दस्तुर | संस्था दर्ता अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

स्वीकृत मितिः- २०८२।०३।१२

**आज्ञाले,**

**विमलप्रसाद बराल**

**प्रदेश सचिव**

**गृह,सञ्चार तथा कानुन मन्त्रालय**